स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसी अभिनीत चलचित्र "बाटुलो जून"को पहिलो गीत सार्वजनिक भएको छ। आइतबार घटस्थापनाको अवसर पारेर निर्माण पक्षले "मेरो मन चोऱ्यौ सुटुक्कै" बोलको रोमान्टिक गीत सार्वजनिक गरेको हो। सार्वजनिक गीतमा अनमोल केसी र अभिनेत्री प्रिन्सी खतिवडालाई रोमान्टिक अवतारमा प्रस्तुत गरिएको छ। चलचित्र प्रदर्शनको तयारी भइरहेका बेला निर्माण पक्षले गीतमार्फत दर्शकमाझ चलचित्रको प्रचारलाई अगाडि बढाएको हो।

**आजको विचार...**



करुणाकर मल्लिक

कानुनी... (दुई पेजमा)

अभिनेता दयाहाङ राईले आफ्नो लोकप्रिय पात्र काजीलाई चलचित्र "कबड्डी ५" मा नयाँ स्वरुपमा प्रस्तुत गरिने बताएका छन्। यसअघिका शृङ्खलामा एकोहोरो प्रेममा अल्झिएको काजीको जीवन अब प्रेमसँगै जिम्मेवारी र व्यावहारिक पक्षतर्फ अघि बढ्ने उनको भनाइ छ। "कबड्डी"का अघिल्ला चार शृङ्खलामा काजीको प्रेम, संघर्ष र हास्यपूर्ण घटनालाई प्राथमिकतामा राखिएको थियो। तर, पाँचौं शृङ्खलामा समयसँगै मानिसको सोच, व्यवहार र जिम्मेवारीमा आउने परिवर्तनलाई कथाको मुख्य आधार बनाइएको छ।



❐ वर्ष ३२ ❐ अंक ८८ ❐ २०८३ असोज २७ गते मंगलबार 13 October 2026, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### १५ बालबालिकासहित १३९ को मृत्यु, दर्जनौं बेपत्ता

एजेन्सी

**जिबुटी,** असोज २६/जिबुटीको तट नजिकै आप्रवासी बोकेको डुङ्गा डुब्दा १५ बालबालिकासहित कम्तीमा १३९ जनाको मृत्यु भएको छ भने दर्जनौं मानिस अझै बेपत्ता रहेको संयुक्त राष्ट्रसैको आप्रवासी निकायले जनाएको छ । अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनका अनुसार जिबुटीबाट ३०५ जना यात्रु बोकेर यमनतर्फ जाँदै गरेको उक्त डुङ्गाबिहीबार राति ओबोक बन्दरगाह नजिकै पल्टिएको थियो। दुर्घटनास्थलबाट करिब ८२ जनाको जीवितै उद्धार गरिएको छ । सुरक्षा र रोजगारीका लागि खाडी देशहरूमा पुग्ने आशामा हरेक वर्ष हर्न अफ अफ्रिकाबाट हजारौं आप्रवासीहरूले जोखिमपूर्ण यात्रा गर्ने गर्दछन् ।१०९ जनाको मृत्यु भएको पुष्टि गरेको सङ्गठनले थप ३० वटा शव फेला परेएपछि मृतकको सङ्ख्या अद्यावधिक गरी १३९ पुऱ्याएको हो । स्थानीय अधिकारीहरूले मृतकहरूको अन्त्येष्टि व्यवस्थापन गरिरहेका छन् भने सबै जीवित नागरिकहरू इथियोपियाका रहेका छन् र उनीहरूलाई आवश्यक चिकित्सा सेवा उपलब्ध गराइएको छ । यमनमा एक दशकभन्दा बढी समयदेखि विनाशकारी गृहयुद्ध चलिरहेको छ ।

# पुस्तान्तरणको प्रतीक्षामा पाल्पाको लाखे नाँच

***नेपालका विभिन्न नेवार बस्तीमा प्रचलित लाखे नाचको आफ्नै सांस्कृतिक र धार्मिक महत्व छ । विशेष गरी गाईजात्रा तथा अन्य जात्रा-पर्वका अवसरमा लाखे नाच देखाइन्छ ।***

रामचन्द्र रायमाझी

**पाल्पा,** असोज २६/दुई दशक अघिसम्म 'लाखेजात्रा' भन्नेबित्तिकै गाउँ गाउँबाट मानिस तानसेन आउँथे । लाखेनाचको छुट्टै रौनक हुन्थ्यो । दुई/चार दिन तानसेनका होटल र पाटीपौवामा बास बसेर उनीहरुले नाच हेरेर फर्कन्थे ।

मइन्टोल, लाल्टिन बालेर नाच हेर्ने गरिन्थ्यो । लाखे नाँच भनेपछि केटाकेटीदेखि बुढाबूढीसम्म घण्टौं हिँडेरै तानसेन हेर्न आउँथे तर अहिले भने धेरैजसो नेवार समुदाय बसाईँसराइ र विदेश पलायनले लाखे नाचको रौनक सेलाउँदै गएको छ । पाल्पाली राजा मणिमुकुन्द सेनको समयमा सुरु भएको यस परम्पराको इतिहास ५०० वर्षभन्दा पुरानो रहेको बताइन्छ । यद्यपि यो पाल्पामा लाखे नाच कहिलेदेखि सुरु भएको हो भन्ने यकीन इतिहास भने अहिलेसम्म भेटाउन सकिएको छैन । किंवदन्तीअनुसार राजा मणिमुकुन्द सेनले आफ्नो राज्य विस्तारका क्रममा काठमाडौँ आक्रमण



गर्दा त्यहाँको समृद्ध कला, संस्कृति र नेवार समुदायको काष्ठकला तथा मूर्तिकलाबाट अति प्रभावित भएका थिए । युद्धमा विजयी भएपछि, उनले मछिन्द्रनाथको पटाङ्गिनीमा रहेको भैरव मूर्तिलगायत केही कला संस्कृतिलाई पाल्पामा ल्याएका थिए । उनले काठमाडौँबाट काष्ठकलामा निपूर्ण नेवार कालीगढलाई पनि पाल्पामा ल्याई, यहाँ विभिन्न जात्रा र पर्वको प्रचलन सुरु गरेका थिए । तानसेन र भैरवस्थान क्षेत्रमा नेवार समुदायले गुठी स्थापना गरी सुरु गरेको लाखे नाँच अहिले पुस्तान्तरण हुन नसक्दा लोपोउन्मुख अवस्थामा पुगेको छ । विशेष गरी नेवार समुदायको सांस्कृतिक महत्व बोकेको लाखे संस्कृति बुझेका अग्रज बुढापाका नहुनु, भएका पनि बसाइँ जानु र युवा पुस्तालाई चासो नहुनुले ओझेलमा परेको तानसेनका राजेन्द्र गोपालसिंह बताउन्छन् । उनले भने, "यसको जगेर्नाका लागि अग्रजको पथ प्रदर्शन र अगुवाइ तथा पछिल्लो पुस्तामा संरक्षण संवर्धन गर्ने कुरामा जागरुक हुन जरुरी देखिन्छ ।" यहाँ श्रावण महिनाको घण्टाकर्ण चतुदर्शी अर्थात् गठेमङ्गलदेखि सुरु भई श्रीकृष्ण जन्माष्टमीसम्म देखाइने यो नाच नेवार समुदायमा अनिष्ट निवारणको प्रतीक मानिन्छ तर नयाँ पुस्ताले चासो नदिनु र नाच देखाउन आर्थिक अभाव हुनुले विस्तारै हराउन थालेको देउराली साँस्कृतिक अध्ययन प्रतिष्ठानका अध्यक्ष एवं इतिहासका जानकार मदन देउरालीले बताए । "हाम्रा परम्पराको संरक्षण र सम्वर्द्धनमा सम्पूर्ण नेवार समुदायको महत्वपूर्ण भूमिका रहन्छ, संस्कृति जगेर्नाको आत्मानुभूति हुनुपर्यो, पश्चिमा शैलीका नाच र बाद्यवादनले मात्रै लाखेनाच हुँदैन", देउरालीले भन्छन्, "परम्परा, संस्कृतिलाई पुस्तान्तरण गर्न सकिए, नेवारी संस्कारको संरक्षण र प्रवर्द्धन गर्न सकिएमात्रै लाखे संस्कृतिको अस्तित्वलाई सार्थकता दिन सकिन्छ ।" नेपालका विभिन्न नेवार बस्तीमा प्रचलित लाखे नाचको आफ्नै सांस्कृतिक र धार्मिक महत्व छ । विशेष गरी गाईजात्रा तथा अन्य जात्रा-पर्वका अवसरमा लाखे नाच देखाइन्छ । लाखेलाई कतिपय समुदायमा रक्षकका रूपमा लिइन्छ । जात्रा तथा पर्वका क्रममा लाखेको उपस्थितिले मनोरञ्जन मात्र प्रदान गर्दैन, समुदायको सामूहिक स्मृति र सांस्कृतिक पहिचानलाई पनि निरन्तरता दिन्छ । पहिले लाखे बन्ने कुरा सामान्य थिएन । नाचका चाल, ताल, अभिनय र अनुशासन सिक्नुपर्थ्यो । गुरु वा अग्रजबाट सिक्दै नयाँ पुस्ताले पुरानो पुस्ताको कला आत्मसात् गर्थ्यो । एक पुस्ताबाट अर्को पुस्तामा लाखे नाचको ज्ञान र सीप हस्तान्तरण हुँदै आए पनि अहिले त्यसो हुन सकेको छैन । समय फेरिएको छ । सहरको स्वरूप फेरिएको छ । मानिसको जीवनशैली, मनोरञ्जनका माध्यम र प्राथमिकता पनि बदलिएका छन् । पहिले जात्रा सुरु भएपछि घण्टौँसम्म लाखेनाच हेर्न मानिस सडकमा जम्मा हुन्थे । अहिले धेरैको ध्यान केही सेकेण्डको भिडियो, सामाजिक सञ्जाल र डिजिटल मनोरञ्जनमा केन्द्रित छ । नयाँ पुस्ता भन्छन्, 'समस्या अवसर र पहुँचको हो' लाखे नाच जोगाउने सबैभन्दा ठूलो चुनौती यसको पुस्तान्तरण हो । अग्रज पुस्ताले वर्षौं लगाएर सिकेको नृत्य, चाल र अभिनय नयाँ पुस्तालाई सिकाउन चाहन्छ तर सिक्ने युवाको संख्या पर्याप्त नहुँदा पुराना पुस्ता चिन्तित छ । तानसेनका ७५ वर्षीय मदन देउराली भन्छन्, "हाम्रो संस्कृति हामी आफैँले जोगाउनुपर्छ, अब नयाँ पुस्ता आफैँ सिक्न अग्रसर हुनुपर्छ ।" नयाँ पुस्तालाई केबल लाखेको पोशाक लगाएर नाच्न मात्र होइन, यसको इतिहास, संस्कार र सांस्कृतिक अर्थ बुझेर सहभागी हुन पनि उनी आग्रह गर्छन् । नयाँ पुस्ताका युवाको दृष्टिकोण फरक छ । उनीहरू परम्पराप्रति पूर्णरूपमा उदासिन छैनन् तर समस्या अवसर र पहुँचको हो । धेरै युवालाई लाखे नाँच सिक्ने ठाउँ कहाँ छ, कसले सिकाउँछ र यसको अभ्यास कहिले हुन्छ भन्ने नै थाहा छैन । अर्कोतर्फ पढाइ, रोजगारी र अवसरको खोजीमा युवा आफ्नो मौलिक थातथलोबाट बाहिर जानुपर्ने बाध्यता हुँदा बाबुबाजेले निरन्तरता दिदैं आएको लाखे संस्कृतिलाई आफूले आत्मसात् गर्न नसकेको नयाँ तानसेन असनटोलका नयाँ पुस्ताका प्रेम श्रेष्ठ बताउन्छन् । उनी भन्छन्, "लाखे नाचका लागि आवश्यक पोशाक, मुकुट, बाजागाजा र अभ्यासमा समय तथा खर्च लाग्छ । नियमित अभ्यासका लागि समय निकाल्न पनि अहिलेको व्यस्त जीवनशैलीमा सहज छैन ।"

*-बाँकी अन्तिम पेजमा...*


## विपद्‌को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्‌को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्‌को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

**विपद्‌को समयमा एक-आपसमा मनोबल बढाऔ, मानसिक स्वास्थ्य जोगाऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# सवारी दुर्घटनामा तीन जनाको मृत्यु

**पाल्पा,** असोज २६/ देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी एक बालिकासहित तीन जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार झापा र दाङमा भएका दुर्घटनामा परी तीन जनाले ज्यान गुमाएका हुन् ।




दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको विभिन्न अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । झापाको कमल गाउँपालिका-५ टुकुरेस्थित सडकमा दमकबाट पेल्टिमारीतर्फ जाँदै गरेको प्र.१-०१-००२ ह ५७९३ नम्बरको सिटी सफारीले किच्दा पाँच वर्षीया बालिका लोजिना लिम्बुको मृत्यु भएको छ । प्रहरीका अनुसार सिटी सफारीबाट लडेर सोही सवारीसाधनले किच्दा बालिका गम्भीर घाइते भएकी थिइन् । उनलाई उपचारका लागि दमकस्थित आम्दा अस्पताल लगिएको थियो । अस्पतालमा उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ । यसैगरी, झापाकै दमक नगरपालिका-९ बुद्ध चोकस्थित सडकमा सुमोको ठक्करबाट एक वृद्धको मृत्यु भएको छ । बा.१-०१-०२५ च ४२०९ नम्बरको सुमोले ठक्कर दिँदा स्थानीय ७३ वर्षीय माधवप्रसाद भट्टराईको मृत्यु भएको हो । सुमोको ठक्करबाट गम्भीर घाइते भएका भट्टराईलाई उपचारका लागि बिर्तामोडस्थित बीएण्डसी अस्पताल लगिएको थियो । अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ । उक्त दुर्घटनापछि प्रहरीले सुमो चालकलाई नियन्त्रणमा लिएको छ । दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको छ । यस्तै, दाङको घोराही उपमहानगरपालिका-३ कुइरेपानी नजिकै टिपरको ठक्करबाट छ वर्षीय बालक राजन अधिकारीको मृत्यु भएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विपद् न्यूनीकरणमा सामूहिक जिम्मेवारी आवश्यक

आज अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । संयुक्त राष्ट्र संघको महासभाले अक्टोबर १३ लाई अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवसको रुपमा मनाउने निर्णय गरे अनुसार सन् १९८९ देखि हरेक वर्ष यो दिवस विश्वव्यापी रुपमा मनाउँदै आइएको हो । यस दिवसले विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न पूर्वतयारी, सचेतना र सामूहिक प्रयासको महत्वलाई उजागर गर्दछ । यस दिवसको मुख्य उद्देश्य विपद्को जोखिमबारे जनचेतना अभिवृद्धि गर्नु, विपद् व्यवस्थापनका प्रभावकारी उपाय अवलम्बन गर्न प्रेरित गर्नु र सुरक्षित तथा उत्थानशील समाज निर्माण गर्नु हो । नेपालजस्तो भौगोलिक र भौगर्भिक दृष्टिले संवेदनशील मुलुकका लागि यस दिवसको विशेष महत्व छ । नेपाल भूकम्प, बाढी, पहिरो, डुबान, चट्याङ, आगलागी, खडेरी तथा जलवायु परिवर्तनका कारण उत्पन्न विभिन्न विपद्को उच्च जोखिममा रहेको छ । हरेक वर्ष यस्ता विपद्का कारण ठूलो मात्रामा जनधनको क्षति हुनुका साथै विकास निर्माणका कार्य प्रभावित हुने, पूर्वाधारमा क्षति पुग्ने र नागरिकको जनजीवन कष्टकर बन्ने गरेको छ । विशेषगरी अव्यवस्थित सहरीकरण, वन विनाश, कमजोर भौतिक संरचना, नदी तथा खोलाको अतिक्रमण र वातावरणीय असन्तुलनले विपद्को जोखिमलाई थप बढाएको छ । प्राकृतिक घटना रोक्न नसकिए पनि उचित योजना, सावधानी र पूर्वतयारीमार्फत त्यसबाट हुने क्षति भने उल्लेखनीय रूपमा घटाउन सकिन्छ ।

विपद् व्यवस्थापनमा विपद् आइसकेपछि उद्धार र राहतमा मात्र केन्द्रित हुने प्रवृत्तिभन्दा जोखिम पहिचान, न्यूनीकरण र पूर्वतयारीलाई प्राथमिकता दिनु आवश्यक छ । जोखिमयुक्त बस्तीको पहिचान, सुरक्षित आवास निर्माण, प्रभावकारी पूर्वसूचना प्रणाली, आपत्कालीन उद्धार टोलीको तयारी र आवश्यक राहत सामग्रीको व्यवस्थापनले विपद्का बेला हुने क्षति कम गर्न मद्दत पुऱ्याउँछ । विद्यालय, अस्पताल, सरकारी कार्यालय तथा सार्वजनिक संरचनालाई विपद् प्रतिरोधी बनाउनु पनि उत्तिकै चालन गर्नुपर्छ । विपद् जोखिम न्यूनीकरण सरकारको मात्र जिम्मेवारी होइन । स्थानीय तह, सुरक्षा निकाय, नागरिक समाज, निजी क्षेत्र, सञ्चारमाध्यम र आम नागरिक सबैको साझा दायित्व हो । संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय कायम गर्दै विपद् व्यवस्थापनसम्बन्धी नीति तथा कार्यक्रमलाई व्यवहारमा कार्यान्वयन गर्नुपर्छ । विपद् आउनुअघि नै सचेत हुने, जोखिम पहिचान गर्ने, आवश्यक तयारी गर्ने र विपद्पछिको पुनःस्थापनालाई दिगो बनाउने संस्कार विकास गर्न सकेमा मात्र सुरक्षित समाजको परिकल्पना साकार हुनेछ । विपद् जोखिम न्यूनीकरण खर्च होइन, भविष्यको सुरक्षा र समृद्धिका लागि गरिएको लगानी हो । विपद् भएपछि पछुताउनुभन्दा विपद् आउनुअघि नै तयारी गर्नु बुद्धिमानी हो । त्यसैले अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवसको सन्देशलाई व्यवहारमा उतार्दै सरकार, समुदाय र नागरिक सबैले हातेमालो गर्न जरुरी छ ।

## Opinion @ Social Network

न कराएर हुन्छ अनि न रोएर अब,
भगवान् माथी छोडिदिएकी छु अब जे हुन्छ उनकै शरण अनि कृपा ले हुन्छ।
*(सुशिल थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Sushil.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कानुनी दृष्टिकोणमा डिजिटल अधिकार र नागरिक स्वतन्त्रता



**करुणाकर मल्लिक**

*नेपालमा पनि सूचना प्रविधिको विस्तारसँगै 'डिजिटल अधिकार' र 'नागरिक स्वतन्त्रता' कसरी सुरक्षित गर्ने भन्ने बहस बढ्दै गएको छ । कानुन निर्माता र अदालत दुवैले यस विषयमा महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् । विशेष गरी विगत केही वर्षमा सामाजिक सञ्जालको प्रयोग, अनलाइन व्यापार र डिजिटल भुक्तानी प्रणालीको विस्तारसँगै नागरिकको व्यक्तिगत विवरण सङ्कलन र प्रयोगको दायरा पनि व्यापक बन्दै गएको छ, जसले गोपनीयता र सुरक्षासम्बन्धी नयाँ प्रश्नहरू जन्माएको छ ।*

इन्टरनेट र सूचना प्रविधिको छिटो विकासले मानिसको जीवनलाई निकै सजिलो बनाएको छ । अहिले अभिव्यक्ति स्वतन्त्रता, सूचनामा पहुँच, काम-व्यापार र नागरिक-राज्यबिचको सम्बन्ध यी सबै कुरा डिजिटल माध्यमबाट चल्न थालेका छन् । यसैले नागरिकका मौलिक अधिकार अब भौतिक संसारमा मात्र सीमित नरही डिजिटल स्पेसमा पनि उत्तिकै महत्त्वपूर्ण बनेका छन् । नेपालमा पनि सूचना प्रविधिको विस्तारसँगै 'डिजिटल अधिकार' र 'नागरिक स्वतन्त्रता' कसरी सुरक्षित गर्ने भन्ने बहस बढ्दै गएको छ । कानुन निर्माता र अदालत दुवैले यस विषयमा महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् । विशेष गरी विगत केही वर्षमा सामाजिक सञ्जालको प्रयोग, अनलाइन व्यापार र डिजिटल भुक्तानी प्रणालीको विस्तारसँगै नागरिकको व्यक्तिगत विवरण सङ्कलन र प्रयोगको दायरा पनि व्यापक बन्दै गएको छ, जसले गोपनीयता र सुरक्षासम्बन्धी नयाँ प्रश्नहरू जन्माएको छ । यस्तो अवस्थामा राज्यलाई राष्ट्रिय सुरक्षा र सार्वजनिक व्यवस्था कायम राख्ने दायित्व र नागरिकको अभिव्यक्ति स्वतन्त्रता तथा गोपनीयताको अधिकारबिच सन्तुलन मिलाउन चुनौतीपूर्ण बन्दै गएको छ । यही सन्दर्भमा यस आलेखले नेपालको संवैधानिक व्यवस्था, सर्वोच्च अदालतका महत्त्वपूर्ण नजिर, हाल लागु कानुनी प्रावधान र आगामी दिनमा अपनाउनुपर्ने नीतिगत दिशालाई विश्लेषण गर्ने प्रयास गरेको छ । संविधानले दिएको आधार नेपालको संविधान, २०७२ ले नागरिकका मौलिक अधिकार स्पष्ट रूपमा सुनिश्चित गरेको छ, जसमध्ये डिजिटल अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने केही धारा उल्लेखनीय छन् । धारा १७ ले विचार र अभिव्यक्तिको स्वतन्त्रताको ग्यारेन्टी गर्छ र अनलाइन वा सामाजिक सञ्जालमा व्यक्त गरिएको विचार पनि यही धाराको संरक्षणभित्र पर्छ । अर्थात् फेसबुक, ट्विटर वा युट्युबमा राखेको विचारलाई पनि छापा माध्यममा जस्तै संवैधानिक सुरक्षा प्राप्त हुन्छ । धारा २८ ले गोपनीयताको हक सुनिश्चित गर्छ, जसअनुसार नागरिकको जिउ, घर, नाम, तथ्याङ्क, पत्राचार र चरित्रको गोपनीयता अनतिक्रम्य मानिन्छह यसले डिजिटल डाटा सुरक्षालाई पनि समेट्छ, अर्थात् कसैको मोबाइल, इमेल वा अनलाइन खातामा रहेको जानकारी बिनाकानुनी आधार कसैले हेर्न वा लिक गर्न पाउँदैन । यसका अतिरिक्त, धारा २७ ले सूचनाको हक प्रत्याभूत गर्छ, जसअनुसार सरकारी निकायमा रहेका सूचनामा नागरिकको पहुँच हुनुपर्ने अधिकार सुनिश्चित छ र यसले पारदर्शिता बढाउन मद्दत गर्छ । यी तीनैओटा धारा नेपालमा डिजिटल अधिकारको संवैधानिक जग मानिन्छन् ।

### सर्वोच्च अदालतका महत्त्वपूर्ण नजिर

डिजिटल अधिकार र अनलाइन अभिव्यक्तिको सम्बन्धमा नेपालको सर्वोच्च अदालतले विभिन्न फैसलामार्फत केही स्पष्ट सिद्धान्त प्रतिपादन गरेको छ । गोपनीयता र डाटा सुरक्षासम्बन्धी नजिरका सन्दर्भमा, राष्ट्रिय परिचयपत्र तथा बायोमेट्रिक डाटा (औँठाछाप, आइरिस स्क्यानजस्ता जैविक तथ्याङ्क) सङ्कलन गर्दा राज्यले कडा कानुनी र प्राविधिक सुरक्षा अपनाउनुपर्ने सिद्धान्त अदालतले स्थापित गरेको छ । स्पष्ट कानुनी आधार र पर्याप्त सुरक्षा प्रणाली नभई नागरिकको संवेदनशील डाटा कुनै तेस्रो पक्ष वा निजी कम्पनीलाई दिन नमिल्ने र यसो गर्नु धारा २८ को उल्लैन हुने व्याख्या अदालतले गरेको छ । त्यस्तै, नागरिकको मोबाइल कल विवरण वा एसएमएस अदालतको स्वीकृति वा तोकिएको कानुनी प्रक्रिया पूरा नगरी अनुसन्धान अधिकारीले मनपरी लिन नपाउने नजिर पनि स्थापित भएको छ । यसले राज्यबाट हुन सक्ने अनावश्यक निगरानीबाट नागरिकको डिजिटल गोपनीयता जोगाएको छ । अभिव्यक्ति स्वतन्त्रता र अनलाइन नियमनसम्बन्धी नजिरका सन्दर्भमा, विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ लाई प्रयोग गरेर साधारण आलोचना वा व्यङ्ग्यलाई समेत 'फौजदारी अपराध'का रूपमा चलाउने प्रवृत्तिलाई अदालतले पटक-पटक निरुत्साहित गरेको छ । अदालतले स्पष्ट भनेको छ- अभिव्यक्ति स्वतन्त्रता पूर्ण नभए पनि अनलाइनमा राखेको विचारकै भरमा कसैलाई आधारहीन रूपमा पक्राउ गर्नु वा थुनामा राख्नु लोकतान्त्रिक मूल्यविपरीत हुन्छ । साथै, संविधानको धारा १९ अनुसार कुनै समाचार वा विचार प्रकाशन हुनुअघि नै त्यसमाथि पूर्वप्रतिबन्ध लगाउन वा बिनाकानुनी कारण कुनै वेबसाइट वा इन्टरनेट सेवा बन्द गर्न नपाइने सिद्धान्त पनि अदालतले स्थापित गरेको छ । यसको अर्थ हो- अनलाइन सञ्चार माध्यमले पनि परम्परागत छापा माध्यमले जत्तिकै संवैधानिक संरक्षण पाउँछ ।

### लागु भइरहेका कानुनी प्रावधान

नेपालमा डिजिटल क्षेत्र नियमन गर्न मुख्यतः तीनओटा कानुनी आधार प्रयोगमा छन् । पहिलो, विद्युतीय कारोबार ऐन, २०६३, जुन मूलतः विद्युतीय हस्ताक्षर र साइबर अपराध नियन्त्रणका लागि बनेको हो । यसको दफा ४७ ( इन्टरनेटमा गैरकानुनी सामग्री प्रकाशनसम्बन्धी) बारम्बार विवादमा तानिएको छ । दोस्रो, वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, जसले नागरिकको व्यक्तिगत डाटा सङ्कलन, भण्डारण र प्रशोधन गर्दा गोपनीयता कायम राख्नुपर्ने कानुनी दायित्व तोकेको छ । तेस्रो, सामाजिक सञ्जाल नियमनसम्बन्धी निर्देशिका तथा नयाँ विधेयकहरू, जसमार्फत सरकारले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित बनाउन विभिन्न निर्देशिका र नयाँ कानुनी मस्यौदा अघि सारिरहेको छ । यी कानुनले प्रविधि क्षेत्रलाई केही हदसम्म व्यवस्थित बनाए पनि यिनको प्रयोग कहिलेकाहीँ अधिकार सङ्कुचन गर्ने गरी पनि भएको आलोचना हुँदै आएको छ ।

### मुख्य चुनौतीहरू

नेपालमा डिजिटल अधिकार र नियमनबिचको सन्तुलन मिलाउँदा केही स्पष्ट चुनौती देखिन्छन् । पहिलो चुनौती, नियमन र नियन्त्रणबिचको रेखा तोक्नु हो । झुटा समाचार, घृणास्पद अभिव्यक्ति र साइबर अपराध रोक्ने राज्यको प्रयास र नागरिकको विचार अभिव्यक्तिको अधिकारबिच सन्तुलन कायम राख्नु सजिलो छैन र धेरैजसो कानुनी विवाद यही सन्तुलनको अभावबाट उत्पन्न हुन्छन् । दोस्रो चुनौती, छुट्टै र व्यापक डाटा सुरक्षा ऐनको अभाव हो । युरोपेली सैको जिडिपिआरजस्तो व्यापक र आधुनिक डाटा संरक्षण कानुन नेपालमा अझै छैन, जसका कारण नागरिकको डिजिटल विवरण दुरुपयोग हुने जोखिम कायमै छ । तेस्रो चुनौती, पुरानो कानुनको भरमा नयाँ समस्या सम्बोधन गर्नुपर्ने बाध्यता हो । झन्डै दुई दशक पुरानो विद्युतीय कारोबार ऐन, २०६३ लाई नै अहिलेसम्म मुख्य साइबर कानुनको रूपमा प्रयोग गर्नुपरेकाले आर्टिफिसियल इन्टेलिजेन्स, डिपफेक, अनलाइन ठगीजस्ता नयाँ प्रकारका अपराध सम्बोधन गर्न प्रशासनलाई कठिनाइ भइरहेको छ । चौथो चुनौती, डिजिटल पहुँचमा रहेको असमानता हो । सहरी क्षेत्रमा इन्टरनेट र स्मार्टफोनको पहुँच बढ्दै गए पनि दुर्गम पहाडी तथा हिमाली क्षेत्रका नागरिकसम्म गुणस्तरीय इन्टरनेट सेवा र डिजिटल साक्षरता पुग्न सकेको छैन, जसका कारण डिजिटल अधिकारको वास्तविक उपयोग सबैका लागि समान रूपमा सम्भव भएको छैन । पाँचौँ चुनौती, संस्थागत समन्वयको अभाव हो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, प्रहरी र अदालतबिच डिजिटल अपराध तथा अधिकार हननका घटनामा प्रभावकारी समन्वय नहुँदा उजुरी दर्ता गरेका पीडितले समयमै न्याय नपाएको गुनासो पनि बारम्बार सुनिन्छ ।

### आगामी बाटो र सुझाव

यी चुनौती समाधान गर्न केही ठोस कदम आवश्यक देखिन्छ । सबैभन्दा पहिले, साइबर अपराध र अनलाइन अभिव्यक्ति स्वतन्त्रतालाई स्पष्ट रूपमा छुट्याएर परिभाषित गर्ने आधुनिक र अधिकारमुखी कानुन चाँडै पारित हुनुपर्छ, जसले अस्पष्टताका कारण हुने दुरुपयोग रोक्न सकोस् । त्यसै गरी, सर्वोच्च अदालतले गोपनीयता र अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा स्थापित गरेका सिद्धान्तलाई कार्यपालिका र प्रहरी प्रशासनले व्यवहारमा इमानदारीपूर्वक उतार्नुपर्छ, किनभने नजिर कागजमा मात्र सीमित हुनु हुँदैन । अन्त्यमा, साइबर अपराध छानबिनमा प्रविधिको उचित प्रयोग गर्दै नागरिकको अधिकार पनि सम्मान गर्न सक्ने गरी प्रहरी र न्यायिक निकायको डिजिटल साक्षरता र अनुसन्धान क्षमता अभिवृद्धि गर्नु जरुरी छ । यसका साथै, दुर्गम क्षेत्रसम्म गुणस्तरीय इन्टरनेट पूर्वाधार विस्तार गर्ने र विद्यालय तहदेखि नै डिजिटल साक्षरता तथा अनलाइन सुरक्षासम्बन्धी शिक्षा दिने नीति अवलम्बन गर्नु पनि उत्तिकै आवश्यक छ, ताकि डिजिटल अधिकारको लाभ सहरी-ग्रामीण सबै नागरिकले समान रूपमा उठाउन सकून् । साथै, सञ्चार मन्त्रालय, दूरसञ्चार प्राधिकरण, प्रहरी र अदालतबिच स्पष्ट कार्यविधि र समन्वय संयन्त्र निर्माण गरी डिजिटल अपराधका उजुरीको छिटो र प्रभावकारी सम्बोधन सुनिश्चित गर्नु पनि जरुरी छ ।

### निष्कर्ष

डिजिटल अधिकार कुनै नयाँ वा अलग किसिमको अधिकार होइन- यो मानव अधिकारकै आधुनिक स्वरूप हो । सूचना प्रविधिको क्षेत्रमा सुरक्षित, पारदर्शी र लोकतान्त्रिक वातावरण बनाउन राज्यले 'नियन्त्रणमुखी' दृष्टिकोणभन्दा 'संरक्षणमुखी' र न्यायिक सिद्धान्तमा आधारित कानुनी दृष्टिकोण अपनाउनु आजको आवश्यकता हो । संविधानले दिएको ग्यारेन्टी, सर्वोच्च अदालतका नजिर र आगामी दिनमा बन्ने आधुनिक कानुनको सन्तुलित संयोजनले मात्र नेपालमा डिजिटल युगका नागरिकको अधिकार साँच्चै सुरक्षित हुनेछ । यसका लागि राज्य, न्यायपालिका, निजी क्षेत्र र नागरिक समाज सबैको साझा प्रतिबद्धता र निरन्तर संवाद अपरिहार्य हुनेछ, ताकि प्रविधिको फाइदा उठाउँदै नागरिकको स्वतन्त्रता र गोपनीयता कुनै पनि बहानामा कमजोर नबनोस् ।

*(लेखक अधिवक्ता हुन् ।)*
*-बाह्रखरी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफन्तहरूबाट सहयोग पाइनेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। | **तुला**: स्वास्थ्यमा सजगता अपनाउनुहोस्। परोपकारी कार्यतर्फ अग्रसर भइनेछ। |
| **वृष** : नयाँ कार्यतर्फ अग्रसर भइनेछ। धन आर्जनका योजनाहरू अगाडी बढ्नेछन्। | **वृश्चिक** : अध्ययन वा सिर्जनात्मक क्षेत्रमा प्रगति हुनेछ। धर्मकर्ममा मन लाग्नेछ। |
| **मिथुन** : अनावश्यक कार्यमा सहभागी जानइनेछ। मेहनतको कामबाट लाभ होला। | **धनु** : कार्यको जिम्मेवारी मिल्नेछ। राजनीतिक क्षेत्रमा कामको चर्चा हुनेछ। |
| **कर्कट** : कार्यमा बाधा आउनेछ। कला वा साहित्यको क्षेत्रमा सफलता मिल्नेछ। | **मकर** : आर्थिक अवस्था राम्रो रहनेछ। मुद्दा मामिलाहरूमा सफलता मिल्नेछ। |
| **सिंह** : प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। दिएको ऋण फिर्ता लिने समय रहेको छ। | **कुम्भ**: व्यापारमा सफलता हात लाग्नेछ। काम गर्ने जागरमा कमी आउन सक्छ। |
| **कन्या** : नयाँ कार्यको रूपरेखा बन्नेछ। सहकारी संस्थाबाट लाभ उठाउन सकिनेछ। | **मीन** : कार्यक्षेत्रमा समस्या आइलाग्नेछ। धन खर्चले मन अप्रसन्न रहनेछ। |

## विज्ञान/सूचना प्रविधि

# आकाशगंगाको उत्पत्ति र विकास : नयाँ अनुसन्धानले खोल्यो रहस्य



ब्रह्माण्डको सुरुवाती दिनहरूमा हाम्रो घर आकाशगंगा आजको भन्दा धेरै फरक देखिन्थ्यो । त्यतिबेला हाम्रो आकाशगंगा बन्ने क्षेत्र हजारौँ साना ग्यालेक्सीहरूको समूह थियो । तीमध्ये केहीले धेरै नयाँ ताराहरू उत्पादन गरिरहेका थिए, केही ग्यासले मात्र भरिएका थिए र केही मरेका तारा अनि ब्ल्याक होलहरूले भरिएका थिए । युनिभर्सिटी अफ सिकागोका खगोल विज्ञान र एस्ट्रोफिजिक्सका सहायक प्राध्यापक हार्ली काट्जको नेतृत्वमा वैज्ञानिकहरूको समूहले गरेको नयाँ सिमुलेसनको मद्दतले यी ग्यालेक्सीहरू कसरी एकताबद्ध भएर आजको जस्तो सर्पिल आकारको डिस्क बने भनेर हेर्न सकिन्छ । उच्च क्षमताका सुपरकम्प्युटरहरूमा चलाउन तीन वर्ष लागेको यो सिमुलेसन हाम्रो आकाशगंगा जस्तो ग्यालेक्सी आफ्नो अस्तित्वको पहिलो केही अर्ब वर्षहरूमा कसरी विकसित भयो भन्ने अहिलेसम्मकै सबैभन्दा विस्तृत मोडेल हो । ‘कस्मिक डन भनिने बह्माण्डको सुरुवाती समयमा आकाशगंगा कस्तो देखिन्थ्यो होलाद ? हबल वा जेम्स वेब स्पेस टेलिस्कोप जस्ता टेलिस्कोपबाट हेर्दा सुरुवाती आकाशगंगा कस्तो देखिन्थ्यो होला भनेर हामीले पहिलो पटक प्रत्यक्ष भविष्यवाणी गर्न सक्छौँ,’ काट्जले भन्यो । मेगाट्रोन नाम दिइएको यस परियोजनाका छवटा अनुसन्धान पत्रहरूले सुरुवाती ग्यालेक्सीहरूको बनावट र समयसँगै तत्त्वहरू कसरी बने भन्ने बारे नयाँ जानकारी प्रदान गर्छन् । यी अनुसन्धान पत्रहरू ‘द ओपन जर्नल अफ एस्ट्रोफिजिक्स’मा प्रकाशित भएका छन् । ब्रह्माण्डको सुरुवाती समयमा गएर यसको अध्ययन गर्न नसकिने हुनाले समयसँगै अन्तरिक्ष कसरी विकसित भयो भनेर बुझ्ने एउटा मात्र तरिका भनेको प्रकृतिका नियमहरूको ज्ञानमा आधारित विस्तृत कम्प्युटर मोडेलहरू बनाउनु हो । ‘मूल रूपमा, हामीले गुरुत्वाकर्षण, हाइड्रोडाइनामिक्स, विकिरण, रसायन विज्ञान जस्ता सान्दर्भिक लाग्ने सबै भौतिक विज्ञानका नियमहरू राख्छौँ र त्यसलाई विकसित हुन दिन्छौँ । त्यसपछि आज हामीले हाम्रो वरिपरि जे देख्छौँ, त्यसलाई यसले पुन: उत्पादन गर्छ वा गर्दैन भनेर हेर्छौँ,’ काट्जले भन्यो । शक्तिशाली जेम्स वेब स्पेस टेलिस्कोपबाट प्राप्त नयाँ तथ्याङ्कले बह्माण्डप्रतिको हाम्रो बुझाइमा नयाँ आयाम थपेको छ । त्यसैले तीन वर्षअघि वैज्ञानिकहरूको टोलीले यस नयाँ ज्ञानलाई हाम्रो ग्यालेक्सी आफ्नो पहिलो एक अर्ब वर्षमा कस्तो देखिन्थ्यो भन्ने मोडेलमा समावेश गर्ने परियोजना सुरु गरेको थियो । अब तिनीहरूले यसलाई वेबले आज प्राप्त गर्ने तथ्याङ्कसँग तुलना गरेर कुन कुरा मिल्छ र कुन कुरा छुटेको छ भनेर हेर्न सक्छन् । वैज्ञानिकहरूले समयलाई पछाडि फर्काएर हेर्दा विभिन्न प्रकारका साना र ठुला ग्यालेक्सीहरूको जाल देखिने बताएका छन् । तिनीहरू अन्ततः आधुनिक आकाशगंगामा गाभिनेछन् । ‘हामी मोडेलमा हजारौँ उपप्रणालीहरू पछ्याउँछौँ र हाम्रा सबैभन्दा शक्तिशाली अन्तरिक्ष टेलिस्कोपहरूबाट ती सबै कस्ता देखिन्थे भनेर प्रत्यक्ष गणना गर्छौं । यो पहिले गरिएको सिमुलेसन भन्दा धेरै ठुलो छ । तीभित्र अविश्वसनीय विविधता देखिन्छ । तीमध्ये केहीमा तारा निर्माण भइरहेको छ, केही मरेका छन् र केही मर्ने क्रममा छन्,’ काट्जले थप्यो । एउटा अनौठो निष्कर्ष के थियो भने यो मोडेलले कुनै तारा नभएका तर पनि चम्किने ग्यालेक्सीहरूको अस्तित्वको भविष्यवाणी गर्छ । यीमध्ये केहीमा कुनै समय ताराहरू थिए जुन विस्फोट भए वा सीधै ब्ल्याक होलमा परिणत भए भने अन्यमा ग्यास मात्र थियो होला । अर्को खोजले ताराहरूको भौतिक विज्ञानको लामो समयदेखिको रहस्य समाधान गर्छ । हाम्रो आकाशगंगामा सामान्यतया साना र मधुरो ग्यालेक्सीहरूमा फलामको मात्रा कम हुन्छ । तर अत्यन्त मधुरो प्रणालीहरूमा यो प्रवृत्ति उल्टो हुन्छ, जहाँ फलामको मात्रा पिण्डमा निर्भर नभई स्थिर देखिन्छ । अहिलेसम्मका सिमुलेसनहरूले यसलाई पुन: उत्पादन गर्न सकेका थिएनन् । सिमुलेसनले यसको कारण बिग ब्याङलगत्तै बाँचेका एक प्रकारका अनौठा ताराहरूको विस्फोटलाई मानेको छ । पपुलेसन ३ ताराहरू भनेर चिनिने यी ताराहरू यति पुराना छन्, तिनीहरू ब्रह्माण्डमा अस्तित्वमा आएका पहिलो तत्त्वहरू हाइड्रोजन र हेलियमबाट मात्र बनेका छन् । जब तिनीहरू विस्फोट हुन्छन्, तिनीहरूले अन्य सुपरनोभाहरूले भन्दा धेरै फलाम उत्पादन गर्न सक्छन् । यदि ग्यालेक्सी पर्याप्त ठुलो छ भने यसले यो फलामलाई रोकेर राख्न पर्याप्त गुरुत्वाकर्षण हुन्छ । तर यो धेरै सानो छ भने फलाम अन्तरिक्षमा हराएर जान्छ । यी पपुलेसन ३ ताराहरू वास्तवमा यति पुराना छन्, तिनलाई टेलिस्कोपबाट प्रत्यक्ष रूपमा कहिल्यै देखिएको छैन । यस अध्ययनको अर्को अनुसन्धान पत्रले पहिलो पटक यी ताराहरू आकाशगंगा जस्तो वातावरणमा कसरी बन्छन् भनेर देखाउँछ र यी ताराहरू अस्तित्वमा छन् भने कहाँ हुन सक्छन् भनेर भविष्यवाणी गर्छ । यसले खगोलविद्हरूलाई तिनीहरूको खोजी गर्न मद्दत गर्न सक्छ । यी सिमुलेसनहरूको मुख्य विशेषता भनेको पहिले प्रयास गरिएको कुनै पनि कुरा भन्दा धेरै जटिल हुनु हो । ‘हाम्रो सिमुलेसनको अनौठो कुरा के हो भने बिग ब्याङपछि व्यक्तिगत ताराहरूबाट व्यक्तिगत रासायनिक तत्त्वहरूको वृद्धि, गुरुत्वाकर्षण, रसायन विज्ञान, विकिरण र तारा प्रक्रियाहरूको विस्तृत मोडेलहरूसँग जोडेर हामीले पहिलो पटक मोडेलिङ गरेका छौँ,’ काट्जले भन्यो । यो मोडेल ‘नन-इक्विलिब्रियम फिजिक्स’को विस्तृत गणना समावेश गर्ने पहिलो ठुलो सिमुलेसन थियो । धेरैजसो भौतिक विज्ञान मोडेलहरूले सरलताको लागि प्रणालीको रसायन विज्ञान कम वा बढी सन्तुलनमा हुन्छ भन्ने मान्छन् । तर वास्तविक ब्रह्माण्डमा ग्यालेक्सीहरू निरन्तर विकसित भइरहेका हुन्छन् र यसले अक्सर यो मुख्य मान्यतालाई तोड्छ । यसले अन्तिम नतिजालाई कति असर गर्छ भन्ने कुरामा वैज्ञानिकहरू निश्चित थिएनन् । यसलाई सिमुलेसनमा समावेश गर्दा गणनाको गति निकै सुस्त हुन्छ । तर अध्ययनको हिस्सा रहेका दुईवटा अनुसन्धान पत्रहरूले सन्तुलन नभएको भौतिक विज्ञान थप्दा साँच्चै फरक पारेको देखाएका छन् । विशेष गरी ग्यालेक्सीहरू वरपर ग्यासको प्रवाह (जसलाई सर्कमग्यालेक्टिक माध्यम भनिन्छ) को सन्दर्भमा यो महत्त्वपूर्ण देखियो । यो जटिलता थप्नाले वैज्ञानिकहरूलाई अवलोकनहरू अझ सही रूपमा व्याख्या गर्न र ब्रह्माण्डको निर्माणको बारेमा धेरै प्रश्नहरूको सम्भावित उत्तरहरूको सङ्ख्या सीमित गर्न अनुमति दिन्छ। ‘यी नतिजाहरू हेर्दा बिग ब्याङलगत्तै भएको भौतिक विज्ञानको आज हामीले स्थानीय ब्रह्माण्डमा जे देख्छौँ त्यसमा प्रत्यक्ष प्रभाव परेको कुरा धेरै स्पष्ट छ,’ काट्जले भन्यो, ‘तर हामीले सही तरिकाले नबुझेका कुराहरू पनि छन्, जुन रोचक पनि छ । हामीले अझै छुटाएका भागहरू के के हुन् ? यसले नयाँ दिशा र नयाँ प्रश्नहरूतर्फ लैजान सक्छ ।’*-रातोपाटी डटकम*

# एआईमा आत्मा र चेतना समाहित गर्ने प्रयासप्रति असन्तुष्टि



आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मोडेलहरूमा धार्मिक शक्ति, नैतिक चेतना र आत्मा खोज्ने प्रयासलाई लिएर विश्वका शीर्ष प्रविधि विज्ञहरूबीच नयाँ मतभेद सतहमा आएको छ । ओपनएआईका मुख्य कार्यकारी अधिकृत साम अल्टम्यानले एआई मोडेलहरूलाई धार्मिक वा नैतिक अधिकार दिने सोचप्रति कडा असन्तुष्टि जनाउँदै यसलाई एआई सुरक्षाका लागि वास्तविक खतरा बताएका छन् । एक्समा एक पोस्ट गर्दै अल्थम्यानले कुनै कम्पनीको नाम नलिई एन्थ्रोपिक र यसका संस्थापकहरूतर्फ संकेत गर्दै भनेका छन्, ‘मानिसहरूले एआई मोडेलहरूलाई धार्मिक शक्ति दिन खोज्नु वा मानव विवेकलाई एआईको जिम्मा लगाउन खोज्नुप्रति म निकै असहज महसुस गर्छु । मलाई लाग्छ यो एआई सुरक्षाका लागि एक वास्तविक जोखिम हो ।’ अल्थम्यानको यो अभिव्यक्तिले उनका पूर्वसहकर्मी तथा हाल एन्थ्रोपिकका प्रमुख डारियो अमोडेई बीचको बढ्दो दूरीलाई फेरि सतहमा ल्याएको छ । द न्युयोर्क टाइम्समा प्रकाशित एक रिपोर्टअनुसार एन्थ्रोपिकका सहसंस्थापक क्रिस्टोफर ओलाहले एआई मोडेलहरूमा चेतना (कन्सियसनेस ) र नैतिकता कसरी समावेश गर्ने भन्नेबारे छलफल गर्न विभिन्न धर्मगुरु तथा विद्वानहरूसँग भेटघाट गरिरहेका छन् । रिपोर्टका अनुसार ओलाहले एआई मोडेलहरूलाई आफ्ना गल्तीहरू स्वीकार गर्न र भविष्यको व्यवहार सुधार्नका लागि क्याथोलिक धर्मको कन्फेसन (पाप स्वीकार गर्ने प्रक्रिया) जस्तै प्रणाली अपनाउन सकिने सम्भावनाबारे समेत विचार गरिरहेका छन् । उनले गत मे महिनामा भ्याटिकनको एक कार्यक्रमअघि पोपका सल्लाहकारहरूलाई एआईमा चेतना हुनसक्ने सम्भावनालाई गम्भीरताका साथ लिन आग्रह गरेका थिए ।

**वैज्ञानिक र धार्मिक क्षेत्रबाट विरोध**

एआईमा आत्मा र चेतना समाहित गर्ने यस्ता प्रयासप्रति अन्य शीर्ष एआई वैज्ञानिकहरूले पनि आपत्ति जनाउन थालेका छन् । गुगल डिपमाइन्डका प्रमुख अनुसन्धान वैज्ञानिक जोन ब्यारोनले एक्समा लेख्दै भनेका छन्, ‘मेरा केही साथी एआई अनुसन्धानकर्ताहरूले एआईका कोड र एल्गोरिदमलाई नैतिक दर्जा दिन निरन्तर गरिरहेको प्रयासबाट म चिन्तित छु । मलाई आशा छ- हामी मानव पक्षका अनुसन्धानकर्ताहरूले यस्ता आन्दोलनलाई अस्वीकार गर्नेछौँ ।’ यसैबीच, धर्मगुरुहरूले पनि एआईलाई मानवीय चेतनासँग तुलना गर्ने कुराको खण्डन गरेका छन् । एआई प्रविधिको कट्टु आलोचक मानिने पोप लियोले चर्चलाई कलाकारहरूसँग सहकार्य गरेर मानव सिर्जनशीलताको रक्षा गर्न आह्वान गरेका छन् । ‘एल्गोरिदमहरूमा मानवीय चेतना र भावनाको झिल्को (स्पार्क) हुँदैन,’ उनले भनेका छन् ।

*-अनलाइन खबर डटकम*

# मङ्गल ग्रहमा घर बनाउन नयाँ प्रविधि: ‘इस्ट’ र बालुवाबाट तयार पारियो थ्रीडी प्रिन्टिङ सामग्री



मङ्गल ग्रहमा मानव बस्ती बसाल्ने योजनामा सबैभन्दा ठूलो चुनौती निर्माण सामग्रीको व्यवस्थापन हो । पृथ्वीबाट निर्माण सामग्री लैजान लाग्ने अत्यधिक खर्च र मङ्गल ग्रहको माटो पगालेर ईट्टा बनाउन आवश्यक पर्ने उच्च ऊर्जाको समस्यालाई समाधान गर्न वैज्ञानिकहरूले एक नवीन विकल्प प्रस्तुत गरेका छन् । हङकङका वैज्ञानिकहरूले वंशाणुगत रूपमा परिवर्तन (जेनेटिकली इन्जिनियर) गरिएको ‘इस्ट’ , जिलाटिन र बालुवाको मिश्रणबाट मङ्गल ग्रहका लागि उपयोगी थ्रिडी प्रिन्टिङ जैविक निर्माण सामग्री विकास गरेका छन् । अन्तर्राष्ट्रिय जर्नल सेल प्रेस को ‘केम सर्कुलारिटी’ मा प्रकाशित अध्ययन अनुसार यो जैविक सामाग्रीले बालुवाका कणहरूलाई मजबुतसँग जोड्ने काम गर्छ ।

**प्रविधिको मुख्य विशेषता र क्षमता:**

उच्च मजबुती: यो सामग्रीको कम्प्रेसिभ स्ट्रेन्थ (दबाब सहन सक्ने क्षमता) करिब १२ मेगापास्कल मापन गरिएको छ । यो सामान्य नियन्त्रित सामाग्रीको तुलनामा १७० प्रतिशतले बढी हो र परम्परागत निर्माण सामग्रीको दायरामै पर्छ । कम ऊर्जा खपत: मङ्गल ग्रहमा परम्परागत प्रविधिबाट १,००० डिग्री सेल्सियसभन्दा बढी तापक्रममा माटो पगाल्न कैयौँ दिन लाग्छ । तर, १ क्युबिक मिटर जैविक सामग्री उत्पादन गर्न सौर्य प्यानलबाट १ घण्टाभन्दा कम समयको ऊर्जा मात्र खर्च हुन्छ । पुन: प्रयोग गर्न सकिने : यस सामग्रीलाई धुलो पारेर, पुन: पानी मिसाई हल्का तताएर चौथो पुस्तासम्म प्रयोग गर्दा पनि यसले ११.८ मेगा पास्कलको मजबुती कायम राख्छ ।

**मङ्गल ग्रहको वातावरणमा सफल परीक्षण:**

हङकङ साइन्स एन्ड टेक्नोलोजी युनिभर्सिटीका प्राध्यापक किउ जिसिन र हङकङ पोलिटेक्निक युनिभर्सिटीका वैज्ञानिकहरूको टोलीले यसको विकास गरेको हो । टोलीले मङ्गल ग्रहको वास्तविक वातावरण (माइनस ३० डिग्री सेल्सियस तापक्रम र ०.०१ एटमोस्फियर वायुमण्डलीय चाप) सिर्जना गरिएको विशेष च्याम्बरमा ४५ एमएम अग्लो र ३० एमएम व्यास भएको सानो स्तम्भ सफलतापूर्वक ३डी प्रिन्ट गरेको छ । मङ्गल ग्रहको कम चाप र चिसो हावापानीमा मिश्रणमा भएको पानी सुख्खा (फ्रिज - ड्राइंग) भई सामग्री कडा बन्दछ । यसमा प्रयोग गरिएको इस्टले सीप (मसेल फूट) जस्ता जीवहरूको टाँसिने प्रोटिन उत्पादन गर्छ, जसले संरचनालाई अझ बलियो बनाउँछ ।

**पृथ्वीबाट सामाग्री ढुवानी र सम्भावना:**

यद्यपि, यो प्रविधि अझै पूर्ण रूपमा आत्मनिर्भर छैन । १ क्युबिक मिटर सामाग्री बनाउन पृथ्वीबाट दश किलो कच्चा पदार्थ (मुख्यत: जिलाटिन र इस्टका लागि पोषक तत्व) लैजानुपर्ने हुन्छ । यदि भविष्यमा मङ्गल ग्रहमा उपलब्ध मिथेन, कार्बन डाइअक्साइड र हिउँलाई जिलाटिन वा पोषक तत्वमा बदल्न सकिएमा पृथ्वीबाट सामाग्री ओसार्नुपर्ने बाध्यता शून्यमा झर्ने वैज्ञानिकहरूको अनुमान छ । यस सामग्रीलाई मङ्गल ग्रहबाहेक पृथ्वीका दुर्गम क्षेत्रहरू, जस्तै अन्टार्कटिकाका अनुसन्धान केन्द्रहरू निर्माण गर्न समेत प्रयोग गर्न सकिने सम्भावना देखिएको छ ।

*-सेतोपाटी डटकम*

# आज अन्तर्राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण दिवस मनाइँदै

**पाल्पा,** असोज २६/ आज अक्टोबर १३ अर्थात् अन्तर्राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण दिवस विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ । विपद्बाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्ने, जनचेतना अभिवृद्धि गर्ने र विपद् जोखिम व्यवस्थापनमा सबै पक्षको सहभागिता बढाउने उद्देश्यले यो दिवस मनाउने गरिन्छ ।




प्राकृतिक तथा मानव सिर्जित विपद्का कारण जनधनको क्षति बढ्दै गएको अवस्थामा विपद् आउनुअघि नै आवश्यक तयारी गर्ने, जोखिमयुक्त क्षेत्रको पहिचान गर्ने र सुरक्षित व्यवहार अपनाउने विषयमा जनचेतना फैलाउनु यस दिवसको मुख्य उद्देश्य हो । नेपाल भूकम्प, बाढी, पहिरो, चट्याङ, आगलागी तथा डढेलोजस्ता विभिन्न विपद्को जोखिममा रहेको मुलुक हो । विशेषगरी वर्षायाममा बाढी र पहिरोका कारण ठूलो जनधनको क्षति हुने गरेको छ । जलवायु परिवर्तनका असरले पनि विपद्को जोखिम थप जटिल बन्दै गएको छ । विपद् जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणालीको प्रभावकारी कार्यान्वयन, सुरक्षित पूर्वाधार निर्माण, जोखिमयुक्त बस्तीको व्यवस्थापन, समुदायस्तरमा तालिम तथा अभ्यास र विपद् प्रतिकार्यका लागि आवश्यक स्रोतसाधनको तयारीमा जोड दिन आवश्यक छ । विपद् व्यवस्थापनमा सरकारी निकाय, स्थानीय तह, सुरक्षा निकाय, गैरसरकारी संस्था, सञ्चारमाध्यम तथा आम नागरिकको समन्वय र सहकार्य महत्वपूर्ण मानिन्छ । विपद् आएपछि उद्धार र राहतमा मात्र केन्द्रित नभई विपद् आउनुअघि नै जोखिम घटाउने उपाय अपनाउन सके जनधनको क्षति कम गर्न सकिन्छ । अन्तर्राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण दिवसले विपद् जोखिम न्यूनीकरणलाई विकास योजना र दैनिक जीवनसँग जोड्दै सुरक्षित तथा उत्थानशील समाज निर्माण गर्न सबैलाई प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

# पुस्तान्तरणको प्रतीक्षामा पाल्पाको...

...अर्कोतर्फ, संस्कृतिलाई समयानुकूल बनाउने विषय पनि महत्वपूर्ण रहेको उनी बताउन्छन् । नयाँ पुस्तालाई जोड्न सामाजिक सञ्जाल, भिडियो सामग्री, सांस्कृतिक कार्यशाला तथा विद्यालयस्तरका कार्यक्रम प्रभावकारी हुनुपर्ने श्रेष्ठको भनाइ छ ।

**निरन्तरतामा 'ब्रेक'**

सेनकालीन सभ्यतादेखि नै पाल्पाको तानसेनलाई काठमाडौँको 'भाइ' मानिँदै आएको छ । भाषा, कला, धर्म, संस्कृति र साहित्यको उर्बरस्थलका रूपमा पाल्पा परिचित छ । कत्युरीवंश, पालवंश, खसवंश, सेनवंश र शाहवंशले शासन गरेको पाल्पामा उनीहरूले अवलम्बन गरेको रीतिरिवाज, रहनसहन, कला, वास्तुकला आजसम्म पनि कहीँ न कतै जीवन्त छ । विजय उत्सवका रूपमा मनाइने पाल्पाको प्रसिद्ध भगवती माईको रथयात्रा, प्रेमसँग जोडिएको लाखे नाँच, कृषि संस्कृतिसँग सादृश्य राख्ने रोपाइँजात्रा, मृत्यु गणनासँग सम्बन्धित सापारु जात्रा, प्रकृतिसँग जोडिएको बाघजात्रा आदि तानसेनका मुख्य जात्रा तथा पर्व हुन् । जात्राका माध्यमबाट आपसी भाइचारा, विश्वास, भ्रातृत्व, भगिनित्व र बन्धुत्वको भावना कायम रहन्छ । यसले पुस्तान्तरणलाई पनि जोडेर राख्छ । समुदायलाई एकताको बन्धनमा बाँधेर राख्ने यस्ता जात्रा, पर्व र संस्कृतिको संरक्षणमा पछिल्लो पुस्ताको आकर्षण भने बढ्न सकेको छैन । संस्कृति सम्वर्द्धनमा पुराना पुस्ता खटेर लाग्न नसक्ने र नयाँ पुस्ताले बेवास्ता गर्दा पछिल्लो समय जात्राको रौनक हराउँदै गएको हो । पाँच सय वर्षअघि तत्कालीन पाल्पाली राजा मणिमुकुन्द सेनको पालादेखि पाल्पा र आसपासका जिल्लामा लाखे नाचले प्रचलन सुरु भए पनि बेलाबेलामा निरन्तरता पाउन नसकेको तानसेन बसपार्कका हास्य कलाकार किरण चित्रकार बताउन्छन् । वि.सं.२०१८ तिर पाल्पाको तानसेनमा स्व लाले जोकर, स्व प्राणप्रसाद उदय, स्व ब्रमशेखर बज्राचार्य, स्वचन्द्रमान श्रेष्ठ, स्व बुद्धरत्न शाक्य, स्व थापा काका, स्व डण्डे बाहुन, स्व युक्तलाल चित्रकार, स्व बाबुराम सुवाल स्व रामबहादुर चौधरीलगायत कलाकारहरुले लाखे निकाल्ने गरेको उनी स्मरण गर्छन् । वि.सं.२०२८ पछि भने देउराली परिवार, मित्रुसिंह हेमचुरीको ग्रुप, टक्सारको मैत्री क्लब, बसपार्कको कल्याण कोष समितिबाट यो संस्कृतिलाई निरन्तरता दिएको उनी बताउन्छन् । सञ्चार र मनोरञ्जनका साधन प्रशस्त मात्रामा खुल्न थालेपछि लाखे नाचसहित यहाँका जात्रा विस्तार हराउन थालेको उनको भनाइ छ । अर्कोतिर नाच खर्चिलो भएकाले पनि यो देखाउन कम भएको चित्रकार बताउन्छन् । लामो समय निरन्तरता पाउन नसकेको नाचले पुन:२०५२ सालदेखि कल्याण कोष समिति (क्लब) ले त्यसको संरक्षणमा केही चासो देखाएको थियो तर पछि यहाँका स्थानीय सरकार र बजारका व्यापारीबाट आर्थिक सहयोग हुन छोडेपछि विस्तारै देखाउन बन्द भयो । तानसेनको रणउजेश्वरी भगवती मन्दिरमा जागरामका दिन देखाइने लाखे नाच पनि आव २०६२/६३ सालमा देखाइएन । भगवती मन्दिरमा लाखे ननिकालेपछि यहाँका कलाकारले आफैँ भए पनि निकाल्ने अठोट गरी २०६४ देखि लाखे निकाल्न थालेको चित्रकारको भनाइ छ ।

**लाखे जोगाउन कस्सिए तन्नेरी**

पछिल्लो समय नयाँ पुस्तामा हस्तान्तरण हुन नसक्दा लोप हुने अवस्थामा पुगेको लाखे नाँच जोगाउन पाल्पाली नाट्य कलासांस्कृतिक समूहमा आबद्ध युवा अघि बढेका छन् । उनीहरूले २०६४ सालदेखि अहिलेसम्म जसोतसो लाखे नाचलाई निरन्तरता दिँदै आएका छन् । उनीहरुले हरेक वर्ष घण्टाकर्णदेखि भगवती जात्रा अर्थात् कृष्ण जन्माष्टमीसम्म हरेक दिन साँझ लाखे नाच प्रदर्शन गर्ने गर्दछन् । समूहका अध्यक्ष किरण चित्रकारका अनुसार यस अभियानको उद्देश्य केबल नाच देखाउनु होइन, नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति र परम्परासँग जोड्नु हो । "बाबुबाजेको परम्परा बिर्सिन थाल्यौं, त्यही भएर आफ्नो संस्कृति संरक्षणमा लागेका हौँ," चित्रकार भन्छन्, "लाखे नाच विस्तारै लोप हुँदै जान थालेको छ ।" नेवारी संस्कृति अन्य समुदायमाझ लोकप्रिय भए पनि आफ्नै समुदायले त्यसको संरक्षण गर्न नसकेकामा चित्रकारको चिन्ता छ । "अरू समुदाय माझ नेवारी संस्कृति एकदमै लोकप्रिय छ तर नेवार समुदायले नै संरक्षण गर्न सकिरहेका छैनौँ", उनी भन्छन् । लाखेनाचको आकर्षण यसको मुखौटा, वेषभूषा, बाजाको तालले दर्शकलाई छुट्टै रौनकता थप्ने गरेको छ । लाखे नाचमा डर लाग्दो मुखौटाको आकर्षणले बालबालिकादेखि पाका पुस्तासम्म यसको अवलोकनका लागि झुम्मिने गरेको इतिहासका जानकार पुष्करराज रेग्मीले बताए । बाजाको तालमा लाखेको हाउभाउ, ढोल र झ्याम्टाको ताल र आकर्षक वेषभूषासहितको नाचले सबैलाई आकर्षित गर्ने गरेको उनले बताए । लोप हुन लागेको लाखे नाच संरक्षणका लागि पाल्पाली नाट्य कलासांस्कृतिक समूहले तानसेनका बसपार्क, हुलाक चोक, टक्सार, शीतलपाटी, नारायणस्थान, असनटोल र वसन्तपुरलगायत स्थानमा हरेक साँझ ६:०० बजेदेखि करिब तीन घण्टासम्म लाखे नाच प्रदर्शन गर्दै आएको छ । यो नाच काठमाडौं उपत्यकामा प्रचलित परम्पराका रूपमा चिनिए पनि पछिल्लो समय पाल्पासहित अन्य स्थानमा पनि विस्तार हुँदै गएको छ । तानसेनबाहेक नेवार बस्ती रहेका रामपुर, सराई, हार्थोक र आर्यभञ्ज्याङमासमेत लाखे नाच नाच्ने परम्परा रहेको छ । लाखे नाच हराउनु भनेको एउटा नाच हराउनु मात्र होइन । यससँग जोडिएका सीप, कथा, सङ्गीत, सामुदायिक सम्बन्ध र सांस्कृतिक स्मृति पनि कमजोर हुनु हो । तसर्थ लाखे नाच संरक्षणका लागि सबैभन्दा पहिले यसको पुस्तान्तरण आवश्यक छ । स्थानीय समुदाय, सांस्कृतिक संस्था, विद्यालय र स्थानीय तहले युवालाई लक्षित गरेर नियमित प्रशिक्षण सञ्चालन गर्न सक्नुपर्छ । *-रासस*













हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई